# युरोपेली सङ्घ (ईयू)
## निर्वाचन पर्यवेक्षण मिसन
नेपालमा संविधानसभा निर्वाचन

**युरोपेली सङ्घले २०६४ चैत २८ गते हुने तय भएको संविधानसभाको निर्वाचनका लागि नेपालमा एउटा निर्वाचन पर्यवेक्षण मिसन (ईयू ईओएम) परिचालन गरेको छ**

## ईयू ईओएमका लागि को को काम गर्दैछन् ?

ईयू निर्वाचन पर्यवेक्षण मिसन (ईयू ईओएम) को नेतृत्व युरोपेली संसद्का डच सदस्य, प्रमुख पर्यवेक्षक जान मुल्डरले गर्नुभएको छ ।

पाँचवटा भिन्न ईयू सदस्यराष्ट्रका नौजना निर्वाचन विशेषज्ञहरू रहेको मुख्य टोली मिसनको स्थापना तथा समन्वय गर्न फागुन २६ गते काठमाडौं आइपुग्यो । उक्त मुख्य टोलीले राजनीतिक, निर्वाचनसँग सम्बन्धित तथा कानुनी मुद्दाहरूको विश्लेषण गर्दछ र यसलाई बन्दोबस्ती तथा सुरक्षाविद्हरूले सहयोग गरिरहेका छन् ।



जान मुल्डर

यस मिसनमा १५ वटा भिन्न ईयू सदस्यराष्ट्र एवं नर्वे र स्विट्जरल्यान्डका गरी ४० जना दीर्घकालीन पर्यवेक्षकहरू रहेका छन् र उनीहरूले चैत १२ गतेदेखि नपालभरका जिल्लाहरूमा दुई/दुईजनाको टोलीमा काम गरिरहेका छन् । उनीहरूले आ-आफ्नो क्षेत्रमा निर्वाचन पर्यवेक्षण गरी काठमाडौंस्थित मुख्य टोलीसमक्ष प्रतिवेदन गर्नेछन् ।

करिब ७० जना अल्पकालीन पर्यवेक्षकहरू निर्वाचनको एक हप्ताअघि मिसनमा संलग्न हुनेछन् । निर्वाचनका दिन उनीहरूले देशभरका मतदान केन्द्रमा मतदान तथा मतगणनाको पर्यवेक्षण गर्नेछन् ।

ईयू ईओएम निर्वाचनका दिनभन्दा केही हप्तापछिसम्म नेपालमा रहनेछ ।

## ईयू ईओएमको कार्यादेश के हो ?

ईयूलाई नेपाल सरकारद्वारा नेपालमा हुने निर्वाचनको पर्यवेक्षण गर्न आमन्त्रण गरिएको हो ।

निर्वाचन प्रक्रियाका सबै पक्षहरूको पर्यवेक्षण गर्ने तथा कुन हदसम्म निर्वाचनसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड एवं नेपाली कानुनअनुरूप निर्वाचन भएको छ भनी मूल्याङ्कन गर्ने मिसनको कार्यादेश रहेको छ ।

ईयू ईओएम नेपालस्थित युरोपेली आयोगको प्रतिनिधिमण्डल तथा ईयू सदस्यराष्ट्रहरूबाट स्वतन्त्र रहेको छ ।

ईयू ईओएमले देहायका लगायत सम्पूर्ण निर्वाचन प्रक्रियाको पर्यवेक्षण गर्नेछ :

- कानुनी ढाँचा तथा यसको कार्यान्वयन
- निर्वाचन प्रशासनका कार्यहरू
- अभियानसँग सम्बन्धित गतिविधिहरू
- राज्यसंस्था तथा नागरिक समाजको भूमिका
- सञ्चारमाध्यमको व्यवहार
- मतदान, मतगणना तथा अभिलेखन, तथा
- निर्वाचन सञ्चालन भइरहेको वातावरण ।

ईयू ईओएमले निर्वाचनपछि आफ्ना निष्कर्षहरू प्रकाशन गर्नेछ ।

ईयू ईओएमले निर्वाचन प्रक्रियाको पर्यवेक्षणका क्रममा देहायको मूल्याङ्कन मापदण्डको प्रयोग गर्छ :

- निर्वाचन प्रशासनद्वारा देखाइएको निष्पक्षताको मात्रा;
- भेला हुने तथा आफ्ना विचार व्यक्त गर्न पाउने राजनीतिक दल तथा उम्मेदवारहरूको स्वतन्त्रताको मात्रा;
- निर्वाचनका क्रममा राज्य संसाधनहरूमा पहुँचको न्यायोचितता;
- मतदाताहरूलाई दिइएको सर्वमान्य मतदानअधिकार;
- सञ्चारमाध्यम र खासगरी सरकारी सञ्चारमाध्यममा राजनीतिक दल तथा उम्मेदवारहरूका लागि पहुँचको मात्रा;
- निर्वाचनको प्रजातान्त्रिक चरित्रसँग सम्बन्धित कुनै पनि अन्य मुद्दा ( उदाहरणार्थ अभियानमा हुने हिंसा; कानुनी शासन; कानुनी ढाँचा);
- मतदान तथा मतगणनाको तरिका ।

## ईयू निर्वाचन पर्यवेक्षणको पृष्ठभूमि

ईयूसँग निर्वाचन पर्यवेक्षण गर्ने एउटा स्थापित विधि छ । पर्यवेक्षकहरूले निर्वाचन प्रक्रियामा हस्तक्षेप गर्न सक्दैनन् र कुनै पनि कमीकमजोरीलाई परिवर्तन गर्ने वा सुधार गर्ने उनीहरूसँग कुनै अधिकार छैन । सबै ईयू निर्वाचन पर्यवेक्षकहरू कडा आचारसंहिताबाट बाँधिएका छन्, जसले उनीहरूको तटस्थता तथा निष्पक्षताको प्रत्याभूति गर्दछ ।

ईयू ईओएमका लागि प्रजातन्त्र तथा मानवअधिकारका लागि युरोपेली पहल (ईआईडीएचआर)बाट लगानी गरिएको छ ।

निर्वाचन पर्यवेक्षणका देहायका प्रमुख उद्देश्य छन् :

- निर्वाचन प्रक्रियामा सार्वजनिक आत्मविश्वास अभिवृद्धि गर्ने
- धाँधली हुन नदिने
- मानवअधिकार तथा कानुनी शासनप्रतिको सम्मान अभिवृद्धि गर्ने
- द्वन्द्वको समाधानमा योगदान गर्ने

## ईयू ईओएमसँग मैले कसरी सम्पर्क गर्ने ?

ईयू ईओएमका कार्यालय यहाँ छन् : होटेल याक एन्ड यती, काठमाडौं
टेलिफोन : ९७७ १ ४४४१५०१/२
फ्याक्स : ९७७ १ ४४४१४४८ इमेल : info@eueomnepal.org

थप विवरणका लागि हेर्नुहोस् :
**www.eueomnepal.org**